# कोशी प्रदेशको आर्थिक बुलेटिन

आ.व.२०८०/८१ (वर्ष-१, अंक-१) बैशाख, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

गत आर्थिक वर्षको चैत्र महिनासम्मको खर्चको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारको खर्च कम भएको छ। संघबाट प्राप्त हुने अनुदान लक्ष्य अनुसार प्राप्त नहुँदा प्रदेशको समग्र आयमा कमी भएको छ। राजस्व संकलनको अनुपातमा संघबाट वित्तीय समानीकरण अनुदान प्राप्त हुने भएकोले प्रदेशको आयमा गत वर्षको तुलनामा न्यून भएको हो। आर्थिक वर्ष २०८०/८१ को संघ सशर्त अनुदान अन्तरगतका कार्यक्रम मध्ये वैदेशिक अनुदान तथा ऋण स्रोतमा १५ वटा परियोजनाहरु प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट सञ्चालनमा रहेका छन्।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा
आर्थिक महाशाखा

## प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को चैत्र महिनासम्म कोशी प्रदेश सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८ प्रतिशतले कमी भई रु.१३ अर्ब ६६ करोड ३१ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.५ अर्ब ४७ करोड ७३ लाख, पूँजीगत खर्च रु.६ अर्ब ९ करोड १० लाख र स्थानीय तह अनुदान रु.२ अर्ब ९ करोड ४८ लाख रहेको छ। यस अवधिमा चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च वार्षिक विनियोजित बजेटको क्रमशः ४३.१ प्रतिशत, २९.८ प्रतिशत र ५७.० प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको चैत्र मसान्तसम्म चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च क्रमशः ४६.७ प्रतिशत, ३६.३ प्रतिशत र ५९.१ प्रतिशत भएको थियो।

**तालिका (क) पछिल्लो तीन वर्षको चैत्र मसान्तसम्मको खर्च स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| चालु खर्च | ५,८५,८१ | ६,०७,१३ | ५,४७,७३ |
| पूँजीगत खर्च | ७,००,८९ | ८,३८,७९ | ६,०९,१० |
| स्थानीय तह अनुदान | २,३७,४२ | २,२१,२४ | २,०९,४८ |
| जम्मा खर्च | १५,२४,१२ | १६,६७,१६ | १३,६६,३१ |
| विनियोजनको तुलनामा खर्च % | ४६.२% | ४१.८% | ३७.१% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

२. आर्थिक वर्ष २०८०/८१ को चैत्रसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी खर्च माघ महिनामा १९.१ प्रतिशत भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

**तालिका (ख) चालु आर्थिक वर्षको प्रदेश सरकारी खर्चको मासिक विवरण (रु.लाखमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | जम्मा मासिक खर्च | खर्च भार % |
|---|---|---|---|---|---|
| श्रावण | १८७ | ० | ० | १८७ | ०.१ |
| भदौ | १७१८२ | ३४० | ० | १७५२२ | १२.८ |
| असोज | ८२९७ | ८२३२ | ६५७२ | २३१०१ | १६.९ |
| कात्तिक | ३२४६ | ५१८३ | २९८ | ८७२७ | ६.४ |
| मंसिर | ४३४१ | ४५९६ | ३३१ | ९२६८ | ६.८ |
| पुष | १८६९ | ३१७५ | २३८६ | ७४३० | ५.४ |
| माघ | ८६३४ | १३६९५ | ३७०५ | २६०३४ | १९.१ |
| फागुन | ४३८४ | १००८७ | ४३४२ | १८८१३ | १३.८ |
| चैत्र | ६६३३ | १५६०२ | ३३१४ | २५५४९ | १८.७ |
| जम्मा | ५४७७३ | ६०९१० | २०९४८ | १३६६३१ | १००.० |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

## प्रदेश सरकारको आय

३. गत आर्थिक वर्ष २०७९/८० को चैत्र मसान्तसम्म कोशी प्रदेश सरकारको राजस्व र अनुदान रु.१९ अर्ब ९६ करोड २९ लाख प्राप्ति भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो आयमा ५.१ प्रतिशतले कमी आई रु.१८ अर्ब ९३ करोड ८५ लाख (वार्षिक अनुमानको **५८.५%**) प्राप्ति भएको छ।

आ.व.२०८०/८१ मा राजस्वको वार्षिक लक्ष्य रु.१६ अर्ब २२ करोड ५९ लाख र संघ अनुदानको अनुमान रु.१६ अर्ब ११ करोड ७० लाख रहेकोमा २०८० चैत्र मसान्तसम्म राजस्व संकलन रु.९ अर्ब ६८ करोड २५ लाख (वार्षिक लक्ष्यको तुलनामा **५९.६%**) र संघ अनुदानको जम्मा रु.९ अर्ब २५ करोड ६० लाख (वार्षिक लक्ष्यको तुलनामा **५७.४%**) प्राप्ति भएको छ।

**तालिका (ग) पछिल्लो तीन आर्थिक वर्षको चैत्र मसान्तसम्मको राजस्व र अनुदान प्राप्तिको स्थिति (रु.लाखमा)**

| आय शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| संघीय राजस्व बाँडफाँटबाट प्राप्त (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | ६,३७,११ | ५,६४,८८ | ७,०१,८० |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | २,९२,६६ | २,४६,३५ | २,६६,४५ |
| संघ वित्तीय समानीकरण अनुदान | ६,४२,५८ | ६,७५,६१ | ४,८९,५४ |
| संघ सशर्त अनुदान | ४,०१,४३ | ४,१६,६८ | ३,४७,६२ |
| संघ समपूरक अनुदान | ७८,०४ | ६१,१८ | ४८,१८ |
| संघ विशेष अनुदान | ३९,७५ | ३१,५९ | ४०,२६ |
| **जम्मा** | **२०,९१,५७** | **१९,९६,२९** | **१८,९३,८५** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

## राजस्व परिचालन

४. प्रदेश सञ्चित कोषमा राजस्व प्राप्ति भएको मासिक विवरण अनुसार सबैभन्दा बढी असोज महिनामा राजस्व संकलन वा प्राप्ति भएको देखिन्छ। संघीय राजस्व बाँडफाट अन्तरगत मूल्य अभिवृद्धि कर, आन्तरिक अन्तशुल्कको राजस्व श्रावण र भदौ महिनाको असोजमा मात्र बाँडफाँट भएकोले सो महिनामा बढी देखिएको हो। अघिल्लो आ.व.मा संकलन भएको संघीय रोयल्टी बाँडफाट भई फागुन महिनामा मात्र प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ। यस्तै अघिल्लो महिनामा संकलन भएको सवारी साधन कर अर्को महिनामा बाँडफाट हुने भएकोले प्रदेश सञ्चित कोषमा दाखिला भए अनुसार राजस्वको मासिक विवरण तयार गरिएको छ।

**तालिका (घ) आ.व.२०८०/८१ मा प्रदेश सञ्चित कोषमा राजस्व संकलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण** | ० | ० | ० | ५७३ | ६५ | ११५१ | ६३ | १२२ | **१९७४** |
| **भदौ** | ० | ९८० | ८३ | ४६१ | ५५ | २९५ | १ | ४१ | **१९१६** |
| **असोज** | १३८३७ | ८५५ | ७२१ | ५०६ | ८२ | ४०४ | ६७ | १६० | **१६६३२** |
| **कात्तिक** | ७५९८ | ० | ७५२ | ३३४ | ३१ | ७७ | ० | ६४ | **८८५६** |
| **मंसिर** | ५९७७ | १८५१ | ११९२ | ५२८ | ५९ | १७२ | ६ | १०० | **९८८५** |
| **पुष** | ७४५६ | ० | १४ | १४३ | १५ | ३९ | ० | ६७ | **७७३४** |
| **माघ** | ९२७६ | ३३४८ | ११०२ | ९२४ | १३८ | १३६ | ५३१ | ३३४ | **१५७८९** |
| **फागुन** | १०४५६ | १२१४ | ६४४ | ५०४ | ६७ | २४७ | २६७ | २७१ | **१३६७०** |
| **चैत्र** | १५५८० | ११५५ | २२२५ | ५६४ | ९५ | १०८ | ३६ | ६०६ | **२०३६९** |
| **जम्मा** | **७०१८०** | **९४०३** | **६७३३** | **४५३७** | **६०७** | **२६२९** | **९७१** | **१७६५** | **९६८२५** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

(नोटः स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई प्राप्त हुने (४०%) राजस्व रहेको छ।)

५. प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन भएको सवारी साधन कर प्रत्येक महिनामा बाँडफाँट गरी ४० प्रतिशत रकम मध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको हिस्सा बमोजिमले हुने आउने राजस्व सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा मासिक रुपमा दाखिला गरिएको छ।

## वैदेशिक सहायता

६. नेपाल सरकारबाट स्वीकृत भई प्रदेश सरकार अन्तरगतका निकायहरुबाट समेत कार्यान्वयन हुने वैदेशिक अनुदान तथा ऋण स्रोतबाट चालु आ.व.२०८०/८१ को बजेट र परियोजनाको विवरण देहायअनुसार रहेको छ। यी आयोजना तथा कार्यक्रममा प्राप्त हुने वैदेशिक सहायताको रकम (PSP को बाहेक) संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश रहको छ।

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | विकास साझेदार | आयोजनाको अवधि (AD) | चालु आ.व.को (रु.लाखमा) | भुक्तानी विधि | कार्यान्वयन गर्ने/ सम्बन्धित निकाय |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | दाताको संयुक्त कोष | 2019 - 2023 | १४७४ | शोधभर्ना हुने अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | प्रदेश सहयोग कार्यक्रम (PSP) | स्वीट्जरल्याण्ड-एस डी सी | 2020 - 2023 | १५०४.६ | सोझै भुक्तानी अनुदान | |
| ३. | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) | ए डि बी र जी ए ऐफ एस पी | 2022 - 2029 | १०९५ | शोधभर्ना हुने अनुदान | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ४. | सिंचाइ पुनर्स्थापना आयोजना | कुवेत कोष | | ९४० | शोधभर्ना हुने ऋण | सिंचाई कार्यालयहरु |
| ५. | नेपालको पूर्वी पहाडी भेगमा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्धि आयोजना | यु एन - जीइ एफ | | १५०० | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ | ए डि बी | | ७४७५ | शोधभर्ना हुने ऋण | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोश्रो चरण (NVQS-II) | स्वीट्जरल्याण्ड-एस डी सी | | १३० | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ८. | इन्स्योर परियोजना दोश्रो चरण | स्वीट्जरल्याण्ड-एस डी सी | | ४८७ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ९. | युवाका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परियोजना | स्वीट्जरल्याण्ड-एस डी सी | | १५७ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| १०. | रोजगार प्रवर्द्धन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | २४ | नगद अनुदान | रोजगार सूचना केन्द्र |
| ११. | बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण | स्वीट्जरल्याण्ड-एस डी सी | | ५२ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| १२. | विद्यालय शिक्षा क्षेत्र योजना | एस.इ.एस.पी. | | २९९ | शोधभर्ना हुने अनुदान र ऋण | सामाजिक विकास मन्त्रालय |
| १३. | परिवार कल्याण कार्यक्रम | दाताको संयुक्त कोष र गाभी | | १६३५ | नगद र शोधभर्ना हुने अनुदान | स्वास्थ्य कार्यालयहरु |
| १४. | महामारी रोग नियन्त्रण कार्यक्रम | सेभ द चिल्ड्रेन | | २ | नगद अनुदान | स्वास्थ्य निर्देशनालय र प्रयोगशाला |
| १५. | एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम | जेफम्याट | | २८ | नगद अनुदान | स्वास्थ्य निर्देशनालय र तालिम केन्द्र |
| | **जम्मा** | | | **१६८०२.६** | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रम पुस्तिका।*

७. वैदेशिक अनुदानमा स्थानीय तहमार्फत सञ्चालन भईरहेको साना सिंचाई कार्यक्रम (SIP) को लागि प्रदेश सरकारले लागत साझेदारी व्यहोर्न २० प्रतिशतले हुन आउने जम्मा रु.२९ करोड २७ लाख २३ हजार रकम चालु आ.व.मा ५९ वटा स्थानीय तहलाई सशर्त अनुदानको रुपमा वित्त हस्तान्तरण गरिएको छ।

८. स्वीट्जरल्याण्ड-एस.डी.सी.को करिब रु.८२ करोड अनुदानमा उदय परियोजना (Udaya– Investment and Innovation for Economic Development project, phase 1) कोशी प्रदेश सरकार अन्तरगतका निकायमा सञ्चालन गर्न अर्थ मन्त्रालयबाट November 21, 2023 मा सम्झौता/स्वीकृत भएको छ।

९. विकास सहायता परिचालन गरी प्रदेशमा कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बजेट तथा कार्यक्रम र प्रगति विवरण पेश गर्नका लागि विकास साझेदार पोर्टल (DP Portal) निर्माण गरी सञ्चालनको चरणमा रहेको छ।

## बैंक तथा वित्तीय क्षेत्र

१०. कोशी प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। बैंक तथा वित्तीय संस्थाका शाखाहरु मध्ये "क" वर्गका ७६२, "ख" वर्गका १९४, "ग" वर्गका ३६ र "घ" वर्गका ८७१ गरी कोशी प्रदेश जिल्लाहरुमा १,८६३ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशका ५५.९% घरपरिवारमा कम्तीमा एक जनाको नाममा बैंक तथा वित्तीय संस्था (सहकारी बाहेक) मा खाता रहेको छ।

११. **सहकारी संस्थाः-** प्रदेश अन्तरगत दर्ता भएका १,०७७ र स्थानीय तहमा दर्ता भएका ३,८३६ गरी कोशी प्रदेशमा जम्मा ४ हजार ९ सय १३ वटा सहकारी संस्था रहेका छन्। यी सहकारी संस्थामा २१ लाख ७२ हजार ६४४ सदस्य संख्या रहेको छ, भने सहकारी संस्थाबाट १४,३२५ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

१२. आ.व.२०७९/८० को वित्तीय विवरण अनुसार कोशी प्रदेशमा रहेका ४९१३ वटा सहकारी संस्थाको कुल शेयर रकम रु.२१ अर्ब ५२ करोड ९२ लाख, बचत रु.९२ अर्ब २५ करोड ५९ लाख, कुल ऋण रु.१ खर्ब १३ अर्ब ११ करोड १८ लाख रहेको छ।

## बीमा

१३. कोशी प्रदेशमा जीवन बीमाको १० लाख ६० हजार ४४० र निर्जीवन बीमाको १ लाख ७ हजार २६५ बीमालेख संख्या रहेको छ (२०८० कात्तिकसम्म)। बीमा व्यवसाय गर्ने बीमकका शाखा, उपशाखा र Third Party Counter गरी कोशी प्रदेशमा निर्जीवन बीमकका १४६, जीवन बीमकका २५० र लघु बीमकका ७ वटा गरी कुल ३९६ वटा कार्यालय रहेका छन्।

१४. कृषि गणना, २०७८ अनुसार कोशी प्रदेशमा **कृषि क्रियाकलापको बीमा** गर्ने कृषक परिवारको जम्मा संख्या २७ हजार ५३० रहेको छ। यो कुल कृषक परिवारको ३.५ प्रतिशत हो। यसरी बिमा गर्ने कृषक परिवार मध्ये अधिकांश अर्थात् ८१ प्रतिशत कृषक परिवारले पशुपालनका लागि बिमा गरेका छन्।

१५. **स्वास्थ्य बीमाः-** कोशी प्रदेशका ७ लाख १३ हजार ६ सय घरपरिवारका २२ लाख ४५ हजार ९०२ जना स्वास्थ्य बीमामा आवद्ध भएका छन्। कोशी प्रदेश अन्तरगत स्वास्थ्य बीमामा आवद्ध सेवा प्रदायक स्वास्थ्य संस्था तथा अस्पतालहरु १०७ वटा रहेका छन्।

## सामाजिक सुरक्षा

१६. कोशी प्रदेशका जिल्लाहरुबाट सामाजिक सुरक्षा कोषमा (२०८१ बैशाख २ गतेसम्म) सूचीकृत रोजगारदाताको संख्या १,९७८ र योगदानकर्ताको संख्या ४९,९८९ पुगेको छ। सामाजिक सुरक्षा कोषमा आवद्ध योगदानकर्तालाई औषधि उपचार तथा स्वास्थ्य सुविधाका लागि कोशी प्रदेशका ८ वटा अस्पतालहरुमा सेवा उपलब्ध रहेको छ।

१७. नेपालमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सक्रिय लाभग्राहीको संख्या ३५ लाख ९२ हजार ९२६ रहेको मध्ये कोशी प्रदेशमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु ४ लाख ९९ हजार १६३ जना रहेका छन्। (VERSP-MIS को विवरण अनुसार)

## अन्य आर्थिक गतिविधि

१८. घरेलु तथा साना उद्योग कार्यालयले सूचना प्रविधिको माध्यमबाट सेवा प्रदान गर्न **उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) सञ्चालन निर्देशिका, २०८०** अनुसार प्रदेशमा रहेका उद्योग तथा व्यापार दर्ता, नवीकरण लगायतका दैनिक सेवाहरुलाई अनलाईन सफ्टवेयर मार्फत सेवा दिन थालिएको छ।

१९. कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमाको कार्य प्रदेश योजना आयोगबाट अघि बढाइएको छ।

२०. आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको सहकार्यमा नेपाल टेलिभिजन (इटहरी) बाट हरेक महिनाको २२ गते (विहान ८ बजे) **आर्थिक बहस कार्यक्रम** प्रसारण हुने गरेको छ।